जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्



वर्ष २८ • अंक ७३ • २०८३ साल साउन १६ गते शनिबार (1 August, Saturday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।–


## मधेशका सांसदसंग प्रधानमन्त्रीको छलफल

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहले तराई-मधेशबाट प्रतिनिधित्व गर्ने विभिन्न दलका सांसदहरूसंग पछिल्लो सुरक्षा अवस्थाबारे छलफल गर्दै प्रभावित क्षेत्रमा शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम गर्न सरकार पूर्ण रूपमा सक्रिय रहेको बताएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार भएको छलफलमा प्रधानमन्त्री साहले सुनसरीलगायतका जिल्लामा विकसित संवेदनशील अवस्थालाई समाधान गर्न, नागरिकको जिउ धनको सुरक्षा सुनिश्चित गर्न तथा सामाजिक सद्भाव सुदृढ बनाउन सरकार योजनाबद्ध रूपमा काम गरिरहेको जानकारी दिए । उनले राज्य संयन्त्रका सम्पूर्ण निकाय उच्च सतर्कताका साथ परिचालित भइसकेकाले नागरिकलाई विचलित नहुन, संयमता अपनाउन र अफवाहको पछि नलाग्न आग्रह गरे ।

उनले शान्ति-सुरक्षा प्रभावकारी बनाउन तथा परिस्थिति थप जटिल हुन नदिन सरकारले बहुआयामिक रणनीति कार्यान्वयन गरिरहेको बताए ।

### जनकपुरधाममा आज सद्भाव र्‍याली

# मधेशमा तनावबीच शान्ति, सद्भाव र सुरक्षा सुदृढ पार्ने प्रयास, जनजीवन प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका विभिन्न जिल्लामा पछिल्ला दिनमा विकसित सुरक्षा अवस्थालाई मध्यनजर गर्दै प्रशासनले कर्फ्यु तथा निषेधाज्ञालाई निरन्तरता दिएको छ भने सर्वपक्षीय रूपमा शान्ति, सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राख्न पहल तीव्र बनाइएको छ । धनुषा, पर्सा र सप्तरीमा प्रशासन, राजनीतिक दल, नागरिक समाज तथा विभिन्न समुदायका अगुवाले संयम अपनाउन र अफवाहबाट टाढा रहन सबैसँग अपिल गरेका छन् ।

जनकपुरधाममा शुक्रबार बसेको सर्वपक्षीय सद्भाव समितिको बैठकले जिल्लामा शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्न सबै राजनीतिक दल, धार्मिक अगुवा, नागरिक समाज, सञ्चारकर्मी, स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाले सक्रिय भूमिका खेल्नुपर्ने निष्कर्ष निकालेको छ । बैठकले सामाजिक सञ्जालमार्फत फैलाइने भ्रामक सूचना, घृणा फैलाउने सामग्री तथा उत्तेजनात्मक अभिव्यक्तिप्रति गम्भीर चिन्ता व्यक्त गर्दै यस्ता गतिविधि निरुत्साहित गर्न आग्रह गरेको छ । धार्मिक सहिष्णुता र सामाजिक एकता प्रवर्द्धन गर्न जनकपुरधामसहित जिल्लाका अन्य स्थानीय तहमा पनि 'सद्भाव यात्रा' आयोजना गर्ने निर्णय गरिएको छ ।



यता जिल्ला प्रशासन कार्यालय धनुषाले जारी गरेको अनिश्चितकालीन कर्फ्यु दोस्रो दिन शुक्रबार पनि यथावत् राखेको छ । सम्भावित अप्रिय घटना नियन्त्रण तथा शान्ति सुरक्षा कायम राख्न नेपाली सेनासहित सुरक्षा निकायको परिचालन बढाइएको छ । शुक्रबार बिहान छ बजेदेखि दुई घण्टाका लागि कर्फ्यु आंशिक रूपमा खुकुलो बनाइए पनि त्यसपछि पुनः कडाइ गरिएको थियो । कर्फ्यु उल्लंघन गर्ने केही व्यक्तिमाथि सामान्य अनुशासनात्मक कारबाही गरिएपछि जनकपुरधाम बजार क्षेत्र दिनभर शान्त देखिएको प्रशासनले जनाएको छ । कर्फ्युका कारण बजार, यातायात तथा दैनिक जनजीवन प्रभावित बनेको छ ।

महोत्तरीको जलेश्वर र गौशाला नगरपालिकामा पनि दिनभर प्रदर्शन भएको छ । त्यस्तै सिरहाको गोलबजारमा प्रदर्शनको क्रममा गोली लागेर मृत्यु भएका बालकको घर अगाडि स्थानीय र सुरक्षा निकायको टोलीबीच तनाव उत्पन्न भएको छ । दिनभर यहाँ प्रदर्शन हुँदा तनावको अवस्था रहेको थियो ।

गृहमन्त्रीको सुरक्षाका लागि पुगेका नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा जिल्ला प्रशासन कार्यालय सिरहाका सवारीसाधन स्थानीयले मृतकको घरअगाडि घेराउ गरेका थिए । गृहमन्त्री सुधन गुरुङ मृतकको परिवारलाई भेट्न जाँदै थिए ।

उता पर्साको वीरगञ्ज महानगरपालिकाको मुख्य सहरी क्षेत्रमा पनि जिल्ला प्रशासन कार्यालयले पुनः निषेधाज्ञा जारी गरेको छ । शुक्रबार साँझ ५ बजेदेखि शनिबार बिहान ६ बजेसम्म लागू हुने आदेशअनुसार तोकिएको क्षेत्रमा पाँच जनाभन्दा बढी व्यक्ति भेला हुन, सभा, जुलुस तथा प्रदर्शन गर्न रोक लगाइएको छ । प्रशासनले आदेश उल्लंघन गर्नेलाई कानुन अनुसार कारबाही गरिने चेतावनी दिएको छ ।

सप्तरीमा भने सामाजिक सद्भाव कायम राख्ने उद्देश्यले सर्वपक्षीय सद्भाव र्‍याली आयोजना गरिएको छ । क्षेत्र नम्बर ४ का सांसद सिताराम साहसहित विभिन्न राजनीतिक, सामाजिक तथा धार्मिक समुदायका प्रतिनिधिहरूको सहभागितामा निकालिएको र्‍यालीले सामाजिक सद्भाव, आपसी भाइचारा र धार्मिक सहिष्णुता कायम राख्न सबै नागरिकलाई आह्वान गरेको छ । वक्ताहरूले कुनै पनि समुदायबीच विभाजन सिर्जना गर्ने गतिविधिबाट टाढा रहँदै शान्तिपूर्ण सहअस्तित्वलाई सुदृढ बनाउन आग्रह गरेका छन् ।

यद्यपि सप्तरी प्रशासनले पछिल्लो सुरक्षा अवस्थालाई विश्लेषण गर्दै राजविराज र बोदे बरसाइन नगरपालिका क्षेत्रमा अनिश्चितकालीन कर्फ्युलाई निरन्तरता दिएको छ । प्रशासनका अनुसार सम्भावित अप्रिय घटना रोक्न तथा सार्वजनिक सुरक्षा कायम राख्न कडा सुरक्षा व्यवस्था अपनाइएको छ ।

प्रदेशका विभिन्न जिल्लामा प्रशासनले शान्ति, सुरक्षा र सामाजिक सद्भावलाई प्राथमिकतामा राख्दै नागरिकलाई अफवाहमा विश्वास नगर्न, कानुनको सम्मान गर्न तथा संयमित व्यवहार अपनाउन पुनः आग्रह गरेको छ ।

यस बैठकमा धनुषा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य मातृकाप्रसाद यादव, धनुषा- २ का प्रतिनिधिसभा सदस्य रामविनोद यादव, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेल, धार्मिक अगुवा, नागरिक समाज र सर्वसाधारणबीचको सहकार्यबाट मात्रै दीर्घकालीन शान्ति र सामाजिक एकता कायम गर्न सकिने आयोजित बैठकबाट निष्कर्ष निकालिएको छ ।

त्यस्तै जिल्ला प्रशासन कार्यालय पर्साले वीरगञ्ज महानगरपालिकाको मुख्य सहरी क्षेत्रमा फेरि निषेधाज्ञा जारी गरेको छ । सप्तरीको खडक नगरपालिका-७ कल्याणपुर बजारमा सर्वपक्षीय सद्भाव र्‍याली निकालिएको छ ।

## जयनगर-जनकपुर-भंगाहा रेल सेवा स्थगित

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल रेल्वे कम्पनी लिमिटेडले जयनगर-जनकपुर-भंगाहा रेल खण्ड अन्तर्गत सञ्चालन हुँदै आएको रेल सेवा अस्थायी रूपमा स्थगित गरिएको छ ।


कम्पनीको केन्द्रीय कार्यालय जनकपुरधाम शुक्रबार सूचना जारी गरी जिल्ला प्रशासन कार्यालय धनुषाबाट जारी कर्फ्यु आदेशका कारण यात्रुहरूको सुरक्षालाई मध्यनजर गर्दै रेल सेवा अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको जनाएको छ । सो सूचनामा प्रमुख जिल्ला अधिकारीबाट जारी कर्फ्यु आदेशका आधारमा उक्त निर्णय गरिएको छ ।

नेपाल रेल्वे कम्पनीले जयनगर-जनकपुर-भंगाहा रेल खण्डमा हाल सञ्चालन हुँदै आएको सेवा कर्फ्यु कायम रहेसम्म सञ्चालन गर्न नसकिने सूचनामा जनाइएको छ ।

परिस्थिति सामान्य भएपछि सेवा पुनःसञ्चालन गरिने निमित्त प्रशासन प्रमुख अजयकुमार सिंहले जारी गरेको सूचनामा उल्लेख छ ।







# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। खोइ मेरो छोरा? ।।

"खोइ मेरो छोरा?"
बुबाको प्रश्न रोइरहेछ,
न्यायको ढोका किन अझै
मौन भएर उभिरहेछ?

"हेर्न मात्रै जान्छु, मम्मी..."
त्यही थियो अन्तिम बोली,
फर्केर आउनुपर्ने छोरा,
फर्कियो चिसो गोली।

किताब बोकेको काँध थियो,
सपनाले भरिएको मन थियो।
कसको के बिगारेको थियो?
किन उसको जीवन सकियो?

पैसा होइन, न्याय चाहियो।
सान्त्वना होइन, सत्य चाहियो।
दोषी जो भए पनि,
कानुनको कठघरामा उभ्याइयोस्।
**हिन्दू होइन, मुस्लिम होइन,**
पहिले मानव बनौं।
रगतको मूल्य बुझेर,
मानवताको पक्षमा उभिऔं।

गृहमन्त्रीज्यू...
एउटा बुबा सोधिरहनुभएको छ...
**"मेरो छोरा खोइ?**
**हामीले न्याय कहिले पाउँछौं?"**



नारेन्द्र कुशवाहा
बर्दिबास महोत्तरी, हाल जनकपुरधाम

## ।। न्यायको प्रतीक्षा ।।

मन्दिरको घण्टी, मस्जिदको अजान,
दुवैले माग्छन् शान्तिको बिहान।
धर्म फरक, तर देश एउटै,
नेपालभन्दा माथि छैन कोही पनि कतै।
रिसले होइन, विवेकले बोलौं,
घृणाको होइन, विश्वासको बाटो खोलौं।
सरकार, न्यायमा ढिलाइ नगर,
सत्यलाई कहिल्यै टाढा नपर।
न पक्ष हेर, न पहुँच हेर,
कानुनको आँखाले सबैलाई हेर।
**न हिन्दू हारोस्, न मुस्लिम रोओस्,**
नेपालको आकाश सधैं हाँसोले ढाकियोस्।
हातमा हात, मनमा विश्वास,
यही हो हाम्रो साँचो विकास।
देश तब मात्र अगाडि बढ्छ,
जब न्याय सबैका लागि बराबर उभिन्छ।



नाम : आदित्य कुमार शाह
ठेगाना : जनकपुरधाम, नेपाल

## ।। आखिर कहिलेसम्म ।।

आखिर कहिलेसम्म, मेरो मधेसी दाजुभाइ,
हिन्दु-मुस्लिमको नाममा बाँडिने हो अझै?
कहिले मधेसी, कहिले पहाडी भनेर,
आफ्नै मुटुलाई किन चिरिने हो अझै?
हामी त एउटै खेतका पसिनाका थोपा,
एउटै आकाशमुनि बाँच्ने सपना बोकेका।
तर नेताको एक शब्दले किन,
दाजुभाइ नै शत्रु बनेर उभिएका?
जुन हातले खेतमा अन्न फलायो,
त्यही हातले किन घृणाको झण्डा बोक्ने?
जुन आँखाले समृद्ध मधेश खोज्यो,
त्यही आँखाले किन आफ्नै दाजुलाई शंका गर्ने?
जात, धर्म र भूगोलको आगोमा,
हामीले कति पुस्ता जलाइसक्यौं।
नेताहरू बदलिँदै गए,
तर हाम्रो पीडा कहिल्यै बदलिन सकेन।
उठौं अब, विभाजन होइन, विश्वास रोजौं।
घृणा होइन, हातेमालो गरौं।
किनकि मधेश तब मात्र अगाडि बढ्छ,
जब हिन्दु र मुस्लिम, मधेसी र पहाडी
एकअर्कालाई प्रतिद्वन्द्वी होइन,
आफ्नै नेपाली दाजुभाइ ठान्छन्।
याद राखौं–
हामी फुट्दा कसैको राजनीति जित्छ,
तर हामी जुट्दा
मधेशको भविष्य जित्छ।



लेखक: दिलीप कुमार दास
ठेगाना: धनुषाधाम -०४ लक्ष्मीपुर

## ।। कविता ।।

धर्मको युद्धमा जल्दैछ देश
धर्मको नाममा देश जलाउनेहरू
निर्दोष जनतामाथि गोली चलाउनेहरू
तिमीलाई आफ्नो धर्म साँच्चै प्यारो लाग्छ
धर्मको सहारामा राजनीतिक किन देशमा
हामी सबै जात धर्म मिलेर बसेको साझा फूलबारी हो।
फूलबारी लाई किन भत्काउन दिन्छौ सरकार
रगत बगाएर, ढुङ्गा हानेर, के पाउँछौ ?
हामी सबै नेपाली हौं
नेपाली मुटु नेपाली मन कोहि मुस्लिम ,
कोही हिन्दुबिचमा किन दुश्मनी ?
सबै हामी नेपाली हौं
कति बम बारुदसँग युद्ध गर्न हो ?
धर्मको नाममा देश जलाउने हो
देश बन्द गरेर
कहिले हुन्छ समाधान
कोहि धर्म नाम गरेर
सरकार परिवर्तन गर्ने दाउमा छ।
युद्धमा जलिरहेको देश
देश अहिले जलिरहेको छ
जिन्दावाद मुर्दावादमा चलिरहेको छ
गोली बमकै धनी देश नेपाल
बेरोजगारीले ग्रसित छ देश
देशमा धर्मको युद्ध चल्दैछ।
निर्दोष जनताहरू जल्दैछ।



प्रेम शर्मा ' एकान्त प्रेमी '
कालेबुङ

## ।। धार्मिक द्वन्द्व कहिले सम्म ? ।।

फरक धुरी र आँगनमा हुर्क्यौं हामी ,
हिन्दूका भगवान र इस्लामका अल्लाह,
नाम र रूप अनेक भए पनि
उद्देश्य सबैको एउटै त हो नि !
जिन्दगीमा जति घमण्ड गरे पनि
'अन्तिम यात्रा घाटैको त हो नि"
फरक भाषा बोल्छौं हामी यहाँ,
अनि लगाउँछौं फरक पोशाक पनि।
भाषा र भेषभूषा फरक भए पनि
साझा रूपमा नेपाली त हौं नि हामी
कोही मान्छन् हिन्दु धर्म यहाँ अनि
कोही बौद्ध,इस्लाम र सिख पनि।
कोही मनाउँछन् दशैं,ल्होसार र छठ
त कोही मनाउँछन् रोजा र ईद
रङ,संस्कार र रीतिरिवाज फरक छन् तर
एउटै सुन्दर बगैंचाका सुन्दर फूल हौं हामी।
यही धर्मलाई आधार बनाई दाजुभाइ
लडाइँ गर्छौं आफैं- आफैंमा हामी
'भाइ फुट गँवार लुट' लाई निरन्तरता दिँदै
भन्छौं 'वाह !क्या सर्वश्रेष्ठ ' प्राणी हौं हामी !
फरक धर्म र जातमा विभाजित भएपनि
मानवताको रक्षा गर्नु त कर्तव्य हो नि
रगतको खोला बगाएर जित्दैनौं हामी,
जित्छौं भेदभाव मुक्त र सबै
एकताबद्ध भएको दिन हामी।



लेखक : पर्वत राज रखाल (पर्खाल धनुषा)
ठेगाना : ग. चा.न.पा.१ (धनुषा)

## ।। लघुकथा: सामाजिक सद्भाव ।।

'भिन्न रङ्ग, एउटै दियो'
कथाकार: योगी नारायण नाथ

दीपावलीको अघिल्लो साँझ थियो। गाउँको चौतारामा रामबहादुर र रहिम मियाँ गफिँदै थिए।

तराईको शीतल हावासँगै साँझ ढल्किँदै गर्दा रहिमले खल्तीबाट एउटा मखमली थैली निकालेर रामबहादुरतिर बढाए, "रामभाइ, भोलि तिम्रो तिहार! मेरो तर्फबाट यो सानो कोसेली।"

रामबहादुरले थैली खोले। भित्र घरमै बनाएका मीठा-मीठा अनरसा र सेलरोटी थिए। उनले मुस्कुराउँदै भने, "अरे रहिमदा! तिमी त मुस्लिम हौ, तिहारको रोटी किन कष्ट गरेर पकाएको त?"

रहिम मियाँले रामबहादुरको काँधमा हात राख्दै भने, "भाइ, गत महिना इदमा तिमीले मेरो घरमा खिर लिएर आउँदा मैले तिमीलाई 'हिन्दू हौ, खिर किन ल्यायौ' भनेर सोधेको थिएँ र? रङ्ग र जात त कपडाजस्तै हुन् भाइ, भित्रको मन र खुसी त सबैको एउटै त हो नि।"

रामबहादुर अवाक् भए। उनले तुरुन्तै आफ्नो झोलाबाट दियो र तेल निकालेर चौताराको डिलमा बाले।

हावाले दियोको ज्वाला अलिकति ढल्कियो। रहिम मियाँले हत्तपत्त आफ्ना दुवै हत्केलाले हावा छेकेर दियोको बत्ती जोगाए। अँध्यारो चौतारामा दियोको प्रकाशले दुवैका मुहार स्पष्ट देखिन थाले। प्रकाशले रामबहादुरको जात सोधेन, न त रहिमको धर्म नै। त्यसले त केवल दुवैको अनुहारको अँध्यारो पखालेर एउटै उज्यालो छरिदियो।

रामबहादुरले मुस्कुराउँदै रहिमको हात समाते र भने, "हो रहिमदा, हावा जस्तै उग्र भएर आउने वैमनस्यतालाई हामीले यसरी नै सद्भावको हत्केलाले छेक्न सक्यौं भने, हाम्रो समाजको यो दियो कहिल्यै निभ्ने छैन।"



सुन्दर कञ्चन कोलोनी
इटहरी १ सुनसरी

## ।। धरम ।।

ज्यान भन्दा ठुलो कुनै धन छैन
धर्म भन्दा ठुलो कुनै कर्म छैन
धन माटो बराबर छ
धर्म परम सुख हुन्छ
धरोहर दुइटै हुन्छ धन र धर्म
धन को घरोहर शरिर मा शक्ति भएसम्म
कर्म को आय जिवन्त रहुन्जेल सम्म
धर्म को धरोहर युग युगान्त सम्म
धर्म स्वेच्छा ले धारण गर्ने
समाजको अलग पहिचान हो
सदभाव र सम्मान कर्म र धर्म
दुवैको देश देखि विदेश सम्म हुनुपर्छ
मानिस को शरिर काँचको समान
कसैले नजान्ने कुन बेला जाने धन देखि गर्छ अभिमान
शरिर देखि गर्छ गुमान हरेक वस्तु मा गर्छ मोल
हरेक ले जान्दैन जिन्दगी को मोल
इन्सानियत धरम परम कर्म
यहि हुनुपर्छ एकअर्कामा मर्म



कवि प्रमोद राम
जनकपुरधाम

## ।। जय नेपाल ।।

धर्मको नामले टुक्रिएको देश,
मानिसको मनमा किन यति धेरै पाप?
उस्तै रगत, उस्तै श्वास,
तर भिन्नै धर्म भनेर किन हुन्छ त्रास?
कोही हिन्दु, कोही मुस्लिम भनि,बनाइयो विभाजन,
लाज लाग्दैन धर्मको नाममा गर्छौ आन्दोलन?
सेवा गर्ने हातलाई "तल्लो" भनिन्छ,
धर्मको नाममा विभेद किन गरिन्छ?
आमा एउटै माया गर्छिन्,
पानी एउटै तिर्खा मेट्छ।
तर मान्छे मान्छेलाई धर्मले हेर्छ,
यो आन्दोलन कहिलेसम्म रहन्छ?
विद्या पढेपछि पनि मन अन्धो,
धर्मकै नाममा किन हुन्छ यो धन्धा?
मानवता भन्दा ठूलो केही छैन,
तर धर्मले मानिसलाई सानो ठान्छ, यो ठीक छैन।
हाम्रो साझा भूमि, साझा आकाश,
किन बनायौ धर्म भनेर खाल्डो र वास?
म त भन्छु–
धर्म त केवल किताबको अक्षर हो,
मानिस त प्रेम र समानताको चित्र हो।
**जय देश जय नेपाल**



नाम:- बिरेन्द्र कुमार चौधरी यादव
ठेगाना:- मिथिला नगरपालिका :०३ हरिहरपुर धनुषा

## ।। सनातनको सन्तान ।।

हामी हिन्दू, हाम्रो पहिचान,
सनातन धर्म हाम्रो स्वाभिमान।
आँधी आए पनि नझुक्ने बानी,
सत्य र धर्म नै हाम्रो कहानी।
विश्वास हाम्रो बिक्री हुँदैन,
आस्था हाम्रो कहिल्यै झुक्दैन।
गर्वका साथ उठ्छ हाम्रो शिर,
सनातन नै हाम्रो परिचय स्थिर।
**"हर हर महादेव"**



लेखक रोहन भुजेल
जनकपुरधाम

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक



| | |
|---|---|
| मेष : | लामो समयदेखि अडकिएका व्यावसायिक योजनाहरुले गति लिनेछ। |
| वृष : | भाग्यको ढोका खुल्नेछ र सोचेभन्दा बढी सफलता मिल्नेछ। |
| मिथुन : | आज गौपनीयतामा विशेष ध्यान दिनुहोला। |
| कर्कट : | जीवनसाथी वा प्रेमीसंगको दुरी मेटिनेछ र सम्बन्धमा नयाँ मिठास आउनेछ। |
| सिंह : | तपाईका विरोधी वा कुरा काट्नेहरु आफै किनारा लाग्नेछन्। |
| कन्या : | सन्ताको प्रगति देखेर मन हर्षित हुनेछ। |
| तुला : | कार्यक्षेत्रमा कामको चाप बढेपनि मिहिनेतको कदर हुनेछ। |
| वृश्चिक : | तपाईको कार्यक्षमता र हिम्मतको सबैले प्रशंसा गर्नेछन्। |
| धनु : | भौतिक सुख-सुविधाका साधन जुट्नेछ। |
| मकर : | नयाँ वस्त्र वा गहना प्राप्तिको योग छ र आत्मबल निकै उच्च रहनेछ। |
| कुम्भ: | आफ्नै केही ससाना गल्तीका कारण खर्चको मात्रा बढ्न सक्छ। |
| मीन: | जुनसुकै क्षेत्रमा हात हाले पनि आज फाइदा र नाफा नै हात लाग्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# हनुमान मन्दिरमा एक व्यक्तिको हत्या



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको सबैला नगरपालिका-१२ रघुनाथपुर नहरचोकस्थित शिव हनुमान मन्दिर परिसरमा बस्दै आएका एक व्यक्तिको धारिलो हतियार प्रहार गरी हत्या गरिएको छ।

मृतक धनुषाको हँसपुर नगरपालिका-३ मलहनियाका करिब ४५ वर्षीय बन्ठु राउत गडेरी रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

गएराति अज्ञात व्यक्तिले धारिलो हतियार प्रहार गर्दा उनको घटनास्थलमै मृत्यु भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । उनी राति मन्दिर परिसरमा बस्दै आएका थिए । उनलाई घाँटी रेटेर हत्या गरिएको पुष्टि जिल्ला प्रहरी कार्यालय धनुगा र सबैला नगरपालिकाका मेयर कारीराम यादवे पनि गरेका छन् ।

घटनास्थल पुगेका मेयर यादवले भने मन्दिरभरि रगतैरगत देख्दा घटनाको वस्तुस्थिति हेर्दा मृतकले बचाउको लागि संघर्ष गरेपनि आफुलाई बचाउन नसकेको लाग्छ । मन्दिरको कुट्टी परिसर कोठाभरि रगतको छिट्टा परेको देखिएको छ।

घटनापछि सामाजिक सञ्जालमा मृतकलाई मन्दिरका पुजारीका रूपमा उल्लेख गरिए पनि जिल्ला प्रहरी कार्यालय धनुषाले त्यसको खण्डन गरेको छ। प्रहरीका अनुसार गडेरी मन्दिरका पुजारी नभई विभिन्न स्थानमा घुमफिर गर्दै हिँड्ने तथा बाहिर काम गरेर राति मन्दिरमा सुत्न आउने व्यक्ति थिए।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरीक्षक मधुसूदन न्यौपानेले प्रारम्भिक अनुसन्धानका आधारमा घटना विशुद्ध आपराधिक प्रकृतिको देखिएको जानकारी दिए।

घटनालाई धार्मिक विवाद वा साम्प्रदायिक विषयसँग जोडेर अफवाह फैलाउने कार्य नगर्न उनले सर्वसाधारणसँग आग्रह गरेका छन्। प्रहरीले घटनामा संलग्न व्यक्तिको खोजी तथा घटनाको विस्तृत अनुसन्धान भइरहेको जनाएको छ।

साथै सामाजिक सद्भाव, शान्ति र आपसी विश्वास कायम राख्न सबै पक्षलाई संयमित हुन तथा पुष्टि नभएका सूचना प्रसारण नगर्न पनि अनुरोध गरेको छ।

# सहमति भएपनि शव बुझ्नेन पिडीत परिवार

**टुडे समाचारदाता**

इनरवा । सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा गोली लागेर ज्यान गुमाएका दुई युवाका परिवारले गृहमन्त्रीसँग औपचारिक सहमति भइसकेपछि पनि शव बुझ्न अस्वीकार गरेका छन्।

बिहीबार राति गृहमन्त्री सुधन गुरुङसँग भएको वार्तामा शुक्रबार दिउँसो २ बजे अन्त्येष्टि गर्ने सहमति भएपनि स्थानीयको थिए । यद्यपि, परिवारले शव नबुझ्केका कारण विराटनगरस्थित न्युरो अस्पतालमा राखिएका ओमप्रकाश मेहता र जयप्रकाश मेहताको शवको पोस्टमार्टम प्रक्रियासमेत रोकिएको छ।

सुनसरी घटनाकै विरोधमा सिरहाको गोलबजारमा भएको प्रदर्शनमा प्रहरीको गोलीबाट ज्यान गुमाएका गणेश यादवका परिवारसँग पनि गृहमन्त्रीले



विरोध र असन्तुष्टिपछि परिवारका सदस्यहरू शव नबुझी विराटनगरबाट गाउँ फर्किएका हुन्।

सहमति पत्रमा मृतकहरूलाई सहिद घोषणा गर्ने, प्रतिपरिवार १० लाख रुपैयाँ राहत दिने, दोषीमाथि कारबाही गर्ने, परिवारका एक-एक जनालाई रोजगारी दिने र स्मृति पार्क निर्माण गर्ने उल्लेख छ । सहमतिमा पीडित पक्षका तर्फबाट कृष्णदेव मेहता र नरेश मेहता तथा सरकारका तर्फबाट गृहमन्त्री गुरुङले हस्ताक्षर गरेका सोही अनुसारको सम्झौता गर्नुपर्ने अडान स्थानीयले राखेका छन् ।

अर्कातर्फ देवानगञ्ज गाउँपालिकाका अध्यक्ष बेचन मेहताले संकटका बेला स्थानीय जनप्रतिनिधिसँग कुनै समन्वय नगरी गृहमन्त्रीले बैठक गरेको भन्दै असन्तुष्टि जनाएका छन् । सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले भने अवरोध हटाएर वातावरण सहज बनाउन समन्वय भइरहेको बताएका छन्।

# सामाजिक सद्भाव कायम राख्न मधेश सरकारको ७ बुँदे निर्णय

**टुडे समाचारदाता**

जनकपुरधाम । साम्प्रदायिक संवेदनशीलतालाई मध्यनजर गर्दै शान्ति, सामाजिक सद्भाव र सुरक्षा व्यवस्था सुदृढ बनाउन मधेश प्रदेश सरकारले सातबुँदे निर्णय गरेको छ।




पछिल्लो समय प्रदेशका केही स्थानमा देखिएको साम्प्रदायिक संवेदनशीलतालाई मध्यनजर गर्दै शान्ति, सामाजिक सद्भाव र सुरक्षा व्यवस्था सुदृढ बनाउन गरिएको निर्णय कार्यान्वयनका लागि सबै स्थानीय तहलाई निर्देशन दिएको छ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयले शुक्रबार प्रदेशका सबै स्थानीय तहलाई पत्राचार गर्दै प्रदेश सुरक्षा समन्वय समितिको साउन १४ गते बसेको बैठकका निर्णय प्रभावकारी रूपमा कार्यान्वयन गर्न, वडा कार्यालयसम्म आवश्यक निर्देशन दिन तथा कार्यान्वयनको प्रगति सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत मन्त्रालयमा पठाउन आग्रह गरेको हो।

समितिले साम्प्रदायिक रूपमा संवेदनशील विषयको समाधानका लागि प्रदेशदेखि वडा तहसम्म राजनीतिक दललाई सक्रिय संवाद र समन्वयमा परिचालन गर्ने निर्णय गरेको छ । त्यसका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयले आवश्यक सहजीकरण गर्ने उल्लेख गरिएको छ।

त्यस्तै, हिन्दु, मुस्लिमलगायत सबै समुदायका धार्मिक अगुवा, नागरिक समाज र स्थानीय प्रतिष्ठित व्यक्तिलाई परिचालन गरी सामाजिक सद्भाव, शान्ति र भाइचाराको सन्देश प्रवाह गर्ने कार्यक्रम सञ्चालन गरिने भएको छ।

निर्णयअनुसार सामाजिक सञ्जाल तथा सञ्चार माध्यममार्फत शान्ति, सामाजिक एकता र सद्भाव प्रवर्द्धन गर्ने सकारात्मक सूचना, अडियो-भिडियो तथा सन्देश नियमित रूपमा प्रसारण गर्ने व्यवस्था गृह, सञ्चार तथा कानुन मन्त्रालयले मिलाउनेछ।

सामाजिक सञ्जालमार्फत साम्प्रदायिक द्वेष, घृणा, हिंसा वा उत्तेजना फैलाउने गतिविधिमाथि नेपाल प्रहरीको साइबर सेलसहित सुरक्षा निकायले निरन्तर निगरानी गर्ने र यस्ता गतिविधिमा संलग्नलाई 'शून्य सहनशीलता'को नीति अपनाई कानुनबमोजिम कडा कारबाही गरिने निर्णय गरिएको छ।

यस्तै सबै जिल्ला सदरमुकाम तथा आवश्यकताअनुसार स्थानीय तह र वडा स्तरमा राजनीतिक दल, नागरिक समाज, धार्मिक अगुवा, सञ्चारकर्मी तथा सरोकारवालाको सहभागितामा सद्भाव र शान्ति-यात्रा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालयलाई निर्देशन पनि दिइएको छ।

समितिले सञ्चारमाध्यम र पत्रकारलाई तथ्यपरक, जिम्मेवार तथा शान्ति प्रवर्द्धन गर्ने समाचार सम्प्रेषण गर्न आग्रह गर्दै भ्रामक र उत्तेजनात्मक सामग्री निरुत्साहित गर्न नेपाल पत्रकार महासंघलगायत सम्बन्धित संस्थासँग समन्वय गर्ने निर्णय पनि गरिएको निर्णय पत्रमा उल्लेख छ।

बैठकका निर्णयको कार्यान्वयनको नियमित अनुगमन जिल्ला सुरक्षा समितिले गर्ने र प्रगति विवरण दैनिक वा आवश्यकताअनुसार गृह, सञ्चार तथा कानुन मन्त्रालयमा पठाउने व्यवस्था समेत गरिएको मन्त्रालयले जनाएको छ।

# तीन दिनपछि वडाध्यक्ष रिहा

**टुडे समाचारदाता**

वीरगञ्ज । नारायणी अस्पताल कुटपिट तथा तोडफोड प्रकरणमा पक्राउ परेका वीरगञ्ज महानगरपालिका-२५ का वडाध्यक्ष आशुतोष चतुर्वेदीलाई तीन दिनपछि रिहा गरिएको छ । गत मंगलवार पक्राउ परेका चतुर्वेदी बिहीबार साँझ प्रहरी नियन्त्रणबाट मुक्त भएका हुन्।



नारायणी अस्पतालमा उपचारका क्रममा एक बिरामीको मृत्यु भएपछि उत्पन्न तनावकाबीच आकस्मिक कक्षमा तोडफोड र कार्यरत चिकित्सकमाथि साङ्घातिक आक्रमण भएको थियो । उक्त घटनामा संलग्न रहेको आरोपमा प्रहरीले वडाध्यक्ष चतुर्वेदीलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको थियो।

वडाध्यक्ष चतुर्वेदीको पक्राउलाई लिएर वीरगञ्ज महानगरपालिकाका ३२ वटै वडाका अध्यक्षहरू ऐक्यबद्धता जनाउँदै आन्दोलित बनेका थिए । वडाध्यक्षहरूले विरोधस्वरूप आफ्ना वडा कार्यालयहरूबाट प्रवाह हुने सम्पूर्ण प्रशासनिक सेवा तथा कामकाज ठप्प पारेका थिए।

यता, अस्पतालभित्रै डाक्टरमाथि भएको कुटपिटको विरोधमा नेपाल चिकित्सक सङ्घको आह्वानमा देशैभरका चिकित्सकहरू पनि आन्दोलनमा उत्रिएका थिए । जसका कारण देशभरको स्वास्थ्य सेवा प्रभावित बनेको थियो।

तनाव बढ्दै जाँदा गृह मन्त्रालयमा सरकार र नेपाल चिकित्सक सङ्घबीच बुधबार पाँच बुँदे सहमति भएपछि आन्दोलन स्थगित भएको थियो। सहमतिसँगै चिकित्सकहरू बिहीबारदेखि नियमित काममा फर्किएका छन् भने वडाध्यक्ष चतुर्वेदी पनि रिहा भएका छन्।

# महोत्तरीमा पनि प्रदर्शन, बजारबन्द

**टुडे समाचारदाता**

जलेश्वर । सुनसरीको देवानगञ्ज र सिरहाको गोलबजारमा भएका घटनाको विरोधमा शुक्रवार महोत्तरीको सदरमुकाम जलेश्वर तथा गौशाला बजार शुक्रबार बन्द गरिएको छ।

हिन्दुवादी संघसंगठनको आह्वानमा भएको बन्दका कारण दुवै बजार क्षेत्रको जनजीवन प्रभावित भएको छ । जलेश्वरमा प्रदर्शनकारीहरूले विभिन्न चोकमा टायर बालेर विरोध छन् । प्रदर्शनका कारण बजार, व्यवसाय तथा सार्वजनिक सवारीसाधनको सञ्चालन प्रभावित भएको छ भने सडकमा सर्वसाधारणको चहलपहल पनि न्यून देखिएको थियो।

यस्तै, जिल्लाको प्रमुख व्यापारिक केन्द्र गौशालामा पनि हिन्दुवादी संघसंगठनका कार्यकर्ताले प्रदर्शन गर्दै बजार तथा व्यवसाय बन्द गराएका छन्।



बन्दका कारण दैनिक व्यापारिक गतिविधि प्रभावित बनेको छ। महोत्तरी प्रहरीले भने जिल्लाको सुरक्षा अवस्था सामान्य रहेको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता एवं डीएसपी पञ्चलाल गोलेका अनुसार केही स्थानमा छिटफुट विरोध प्रदर्शन भए पनि समग्र अवस्था नियन्त्रणमा रहेको छ। कुनै पनि अप्रिय घटना हुन नदिन जिल्लाभर सुरक्षा व्यवस्था थप सुदृढ पारिएको उनले बताए।

# धर्म गुरुहरुसँग सभापति लामिछानेको छलफल

**टुडे समाचारदाता**

काठमाण्डू । सुनसरी र सिरहालगायत तराई-मधेशका विभिन्न जिल्लामा धार्मिक तनाव बढेपछि विभिन्न धर्मका अगुवाहरूसँग सामाजिक सद्भावक कायम राख्न भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने छलफल गरेका छन्।

बैठकपछि सामाजिक सद्भाव र राष्ट्रिय एकता कायम राख्न धर्मका अगुवाहरूले संयुक्त अपिल गरेका छन् । सभापति लामिछानेले छलफलपछि हिन्दु र मुस्लिम समुदायका धार्मिक प्रतिनिधिहरूले संयुक्त विज्ञप्ति जारी गर्दै संयमता अपनाउन आह्वान गरेका हुन्।

अपिलमा विश्व हिन्दु महासंघ नेपालका महासचिव रामचन्द्र तिवारी, जमिअत उलमा ए नेपालका अध्यक्ष मौलाना मोहम्मद खालिद सिद्धिकी, विश्व हिन्दु महासङ्घका राजुराज फुयाँल र अल सलाम सोसाइटीका अध्यक्ष मौलाना नजरुल हसन फलाहीले हस्ताक्षर गरेका छन्। उनीहरूले नेपालको सदियौंदेखिको बहुधार्मिक, बहुसांस्कृतिक पहिचान र धार्मिक सहिष्णुतामा कुनै पनि विवाद वा घटनाका कारण आँच आउन नहुने स्पष्ट पारेका छन्।

धार्मिक अगुवाहरूले तराईमा भएका पछिल्ला घटनाहरूको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न, पीडितलाई क्षतिपूर्ति दिन र घाइतेको निःशुल्क उपचारको व्यवस्था मिलाउन सरकारसँग माग गरेका छन्।

स्वार्थ समूहहरूले धर्मका नाममा हिंसा भड्काउने प्रयास गरिरहेको तर्फ सचेत गराउँदै उनीहरूले कुनै पनि उत्तेजक, घृणास्पद वा विभाजनकारी गतिविधिमा संलग्न नहुन र शान्ति एवं विधिको शासनको पक्षमा उभिन सम्पूर्ण नागरिकसँग अपिल गरेका छन्।

# सर्वदलीय ऐक्यबद्धता शान्ति खल्बलिन नदिने

**टुडे समाचारदाता**

रौतहट । तराई-मधेशका केही जिल्लामा पछिल्ला दिनमा देखिएको तनावपूर्ण अवस्थाको असर रौतहटमा पर्न नदिन जिल्लाका राजनीतिक दल, प्रशासन र सरोकारवाला सद्भाव कायम राख्ने पक्षमा उभेका छ्न।



जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालको पहलमा बसेको सर्वदलीय बैठकले धार्मिक, सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राख्दै जिल्लामा शान्ति-सुरक्षा सुदृढ बनाउने साझा प्रतिबद्धता व्यक्त गरेको हो।

जिल्ला समन्वय समितिको सभाकक्षमा सम्पन्न बैठकले सुनसरी, सिराहा, धनुषालगायत जिल्लामा भएका घटनाबाट कुनै पनि प्रकारको नकारात्मक प्रभाव रौतहटमा पर्न नदिन सबै पक्षले संयमित र जिम्मेवार भूमिका खेल्ने निर्णय गरेको छ।

साथै, धार्मिक वा साम्प्रदायिक भावना भड्काउने तथा सामाजिक सद्भाव बिथोल्ने कुनै पनि गतिविधिलाई प्रश्रय नदिने स्पष्ट अडान बैठकले लिएको छ।

बैठकमा सहभागी राजनीतिक दलका प्रतिनिधिहरूले रौतहटमा लामो समयदेखि कायम रहेको धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र आपसी भाइचारालाई थप सुदृढ बनाउन आ-आफ्नो तर्फबाट सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाएका छन्।

यस्तै, जिल्लामा शान्ति, सुरक्षा र अमनचयन कायम राख्न राजनीतिक दल, स्थानीय तह, जनप्रतिनिधि, धार्मिक अगुवा, बुद्धिजीवी, सञ्चारकर्मी, उद्योगी-व्यवसायी तथा नागरिक समाजलाई समन्वयात्मक रूपमा सक्रिय हुन आह्वान गरिएको छ। नागरिकमा धार्मिक सहिष्णुता, सामाजिक एकता र आपसी विश्वास अभिवृद्धि गर्न सबैले आफ्नो-आफ्नो क्षेत्रबाट पहल गर्ने निर्णय पनि बैठकले गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी भुषालका अनुसार रौतहटलाई धार्मिक, सामाजिक तथा सांस्कृतिक सहिष्णुताको उदाहरणीय जिल्ला बनाउने उद्देश्यका साथ सबै सरोकारवाला पक्षबीच साझा समझदारी कायम गरिएको हो । बैठकमा सुरक्षा निकायका प्रमुख, विभिन्न राजनीतिक दलका प्रतिनिधि, धार्मिक अगुवा तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो।

# उच्च अदालत वीरगञ्जमा ७१.०८ प्रतिशत मुद्दा फछ्र्योट

**टुडे समाचारदाता**

वीरगञ्ज । आर्थिक २०८२/०८३ मा जनशक्ति तथा भौतिक पूर्वाधारको अभावका बाबजुद उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जले ह ७१.०८ प्रतिशत मुद्दा फछ्र्योट गर्दै उल्लेखनीय उपलब्धि हासिल गरेको जनाएको छ।

आर्थिक वर्ष २०८३/८४ को वार्षिक कार्ययोजनाबारे जानकारी दिन बिहीबार अदालत परिसरमा आयोजित पत्रकार संवाद तथा अन्तरक्रिया कार्यक्रममा अदालतले आफ्नो वार्षिक कार्यसम्पादन सार्वजनिक गरेको हो।

कार्यक्रममा बोल्दै उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जका न्यायाधीश गोकर्ण डाँगीले सीमित स्रोत-साधन र जनशक्तिका बाबजुद अदालतले प्रभावकारी रूपमा न्यायिक सेवा प्रदान गरिरहेको बताए। उनले न्याय सम्पादनलाई अझ प्रभावकारी,



पारदर्शी र छिटोछरितो बनाउन अदालत प्रतिबद्ध रहेको उल्लेख गरे।

उनका अनुसार २०७३ साल असोज ३ गते स्थापना भएको उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्ज नेपालकै दोस्रो ठूलो उच्च अदालत हो।

अदालतले सार्वजनिक गरेको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/८३ मा कुल ८,२२४ मुद्दामध्ये ५,८४६ मुद्दा फछ्र्योट गरिएको छ, जुन ७१.०८ प्रतिशत हो। बाँकी २,३७८ मुद्दा विचाराधीन रहेका छन्।

यसअघि आर्थिक वर्ष २०८१/८२ मा ८,३२९ मुद्दामध्ये ४,७३५ (५६.८५ प्रतिशत) र आर्थिक वर्ष २०८०/८१ मा ८,००० मुद्दामध्ये ४,५२८ (५६.६० प्रतिशत) मुद्दा फछ्र्योट गरिएको थियो। यसले पछिल्ला वर्षहरूको तुलनामा मुद्दा फछ्र्योटको दर उल्लेखनीय रूपमा बढेको देखाएको छ।

आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्म बाँकी रहेका मुद्दामध्ये ६ महिनाभित्रका ९८७, एक वर्षभित्रका ६६९, १२ देखि १८ महिनासम्मका २८२ तथा १८ महिनाभन्दा पुराना २१ मुद्दा रहेका छन्। रिटतर्फ ३७२, ३७ र १० वटा मुद्दा विभिन्न चरणमा विचाराधीन छन्।

अदालतका अनुसार अघिल्लो आर्थिक वर्षबाट सरेका १८ महिनाभन्दा पुराना १५७ मुद्दालाई घटाएर २१ वटामा सीमित गर्न सफल भएको छ, जसलाई पुराना मुद्दा फछ्र्योटतर्फको महत्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ।

अन्तरक्रिया कार्यक्रममा पत्रकारहरूले न्याय सम्पादन, सेवा प्रवाह, मुद्दा व्यवस्थापन तथा आगामी कार्ययोजनासम्बन्धी विभिन्न प्रश्न उठाएका थिए। अदालतका पदाधिकारीहरूले सबै जिज्ञासाको जवाफ दिँदै न्यायिक सुशासन, पारदर्शिता र छिटो न्याय प्रदान गर्ने प्रतिबद्धता दोहोर्याएका थिए।

# आफू संघीययता विरोधी नरहेको प्रधानमन्त्रीको प्रष्टीकरण

**टुडे समाचारदाता**

काठमाण्डू । सुनसरीमा घटेको पछिल्लो घटना र सुरक्षा चुनौतीलाई लिएर बालेन्द्र साह बालेनले मधेश केन्द्रित दलका शिर्ष नेताहरुसँग छलफल गरेका छ्न।

प्रधानमन्त्री कार्यालयमा शुक्रवार आयोजना गरिएको उच्चस्तरीय बैठकमा प्रधानमन्त्री बालेन्द्र शाहले आफू र आफ्नो नेतृत्वको सरकार संघीयता सुदृढीकरणका पक्षमा रहेको भन्दै आफू संघीयता विरोधनी नरहेको प्रस्ट पारेका छ्न । मधेसकेन्द्रित दलका शीर्ष नेताहरूसँगको विशेष छलफलका क्रममा प्रधानमन्त्री शाहले आफूलाई संघीयताविरोधीका रूपमा नबुझ्न आग्रह गर्दै प्रदेश तहलाई थप अधिकारसम्पन्न र बलियो बनाउन सरकार प्रतिबद्ध रहेको दाबी गरे।

बैठकमा सहभागी मधेसी दलका नेताहरूले प्रदेश सरकारहरूसँग पर्याप्त अधिकार र शान्ति(सुरक्षाको जिम्मेवारी नहुँदा स्थानीय स्तरका घटना नियन्त्रणमा जटिलता पैदा भएको भन्दै प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए।



नेताहरूको चासो र प्रश्नपछि बोल्दै प्रधानमन्त्री शाहले विद्यमान संरचनागत त्रुटिहरूमा सुधार गर्दै अझ सुदृढ संघीयता कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरे।

बैठकपछि राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोका अनुसार प्रधानमन्त्रीले आफ्नो पार्टी र सरकार कुनै पनि हालतमा संघीयताको विपक्षमा नरहेको स्पष्ट पार्दै पूर्वसम्झौताहरूको पूर्ण पालना हुने विश्वास दिलाएका थिए।

यसैबीच, जनमत पार्टीका अध्यक्ष सिके राउतले प्रदेश प्रहरीको अभावमा स्थानीय वस्तुस्थिति र भाषा बुझ्न कठिन भई सुरक्षा समन्वयमा समस्या देखिएको विषय बैठकमा उठाएको जानकारी दिए।

सरकारलाई दुर्घटनाबाट जोगाउँदै संघीयतालाई प्रभावकारी बनाउन आफूहरूले रचनात्मक सुझाव दिएको उल्लेख गर्दै राउतले नेपाली सेनामा मधेसी समुदायको सामूहिक प्रवेशको वातावरण बनाउनसमेत प्रधानमन्त्री शाहसँग माग गरेका छन्।

### तराई–मधेशमा थप सुरक्षा अधिकारी परिचालन

# मधेशको जिम्मा एआईजी श्रेष्ठ र एसएसपी सिंहलाई

**टुडे समाचारदाता**



जनकपुरधाम । सुनसरी घटनालाई लिएर तराई-मधेशमा पछिल्लो समय बिग्रेको सुरक्षा अवस्थालाई मध्यनजर गर्दै नेपाल प्रहरीले एआईजीदेखि एसएसपीसम्मका थप १५ जना उच्च प्रहरी अधिकृतलाई विभिन्न जिल्ला तथा प्रदेशमा परिचालन गरेको छ।

प्रहरी प्रधान कार्यालयका प्रवक्ता तथा डीआईजी अबि नारायण काफ्लेका अनुसार तराई-मधेश केन्द्रित सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन उच्च तहका अधिकृतहरूलाई फिल्डमा खटाइएको छ। उनीहरूले प्रदेश तथा जिल्ला प्रहरी कार्यालयसँग समन्वय गर्दै सुरक्षा अवस्थाको निरन्तर मूल्यांकन, स्रोत-साधन परिचालन, सूचना संकलन तथा विश्लेषण, सुरक्षा कार्ययोजना कार्यान्वयन तथा आवश्यक नीतिगत निर्देशनमा सहजीकरण गर्ने जिम्मेवारी पाएका छन्।

तराई-मधेशमा १० साउनको राति सुनसरीको कप्तानगञ्जमा दुई समुदायबीच भएको विवादपछि सुरक्षा अवस्था थप जटिल बनेको छ। उक्त घटनाका क्रममा सुरक्षाकर्मीले चलाएको गोली लागेर दुई जनाको मृत्यु भएपछि विभिन्न जिल्लामा प्रदर्शन चर्किएको हो। सो प्रदर्शनको क्रममा सिरहामा समेत एक ज्यान गएपछि प्रदर्शन झन चर्केको छ।

सो घटनापछि मोरङ, सुनसरी, सिरहा, धनुषा लगायतका जिल्लामा प्रदर्शन, आगजनी र तोडफोडका घटना भएका छन्। मधेश प्रदेशको करीब सबै जिल्लाका मुख्य स्थानहरुमा स्थानीय प्रशासनले कर्फ्यु जारी गरेको छ भने अवस्था नियन्त्रणमा लिन नेपाली सेनासमेत परिचालन गरिएको छ।

सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन मधेश प्रदेशमा एआईजी हिमालयकुमार श्रेष्ठ र एसएसपी अमरेन्द्रबहादुर सिंहलाई खटाइएको छ भने मधेशका जिल्लाहरुमा डीआईजी दिनेशकुमार आचार्यलाई सिरहा र डीआईजी अबि नारायण काफ्लेलाई सप्तरी, भुवनेश्वर तिवारीलाई धनुषा, एसएसपी गोपालचन्द्र भट्टराईलाई सर्लाही, एसएसपी सोमेन्द्र सिंह राठौरलाई पर्सा, एसएसपी दीप शम्शेर जबरालाई रौतहट, एसएसपी कृष्णप्रसाद पंगेनीलाई महोत्तरी, एसएसपी होबिन्द्र बोगटीलाई बारामा जिम्मेवारी दिइएको छ।

यस्तै एआईजी सिद्धीविक्रम शाहलाई बाँके, एआईजी उमाप्रसाद चतुर्वेदीलाई कपिलवस्तु तथा एआईजी ईश्वर कार्कीलाई कोशी प्रदेश, एसएसपी नवराज अधिकारीलाई चितवन, एसएसपी ज्ञानेन्द्रप्रसाद फुयाँललाई मोरङमा परिचालन गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

प्रहरीका अनुसार परिचालित उच्च अधिकृतहरूले स्थानीय प्रशासन तथा प्रदेश र जिल्ला प्रहरी कार्यालयसँग समन्वय गर्दै शान्ति-सुरक्षा व्यवस्थापन, सुरक्षा अवस्थाको निरन्तर अनुगमन, जोखिमको विश्लेषण तथा आवश्यक परे प्रत्यक्ष रूपमा फिल्डमा खटिएर सुरक्षा संयन्त्रलाई थप प्रभावकारी बनाउनेछन्।

प्रहरी प्रधान कार्यालयले तराई-मधेशको सुरक्षा अवस्थालाई निरन्तर निगरानीमा राखिएको जनाउँदै आवश्यकता अनुसार थप जनशक्ति, स्रोत-साधन र सुरक्षा रणनीति परिचालन गरिने जनाएको छ।

# छोराछोरीलाई प्रदर्शनबाट टाढा राख्न गृहमन्त्रीको अनुरोध

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोले अभिभावकहरूलाई आफ्ना छोराछोरीलाई शान्ति सुरक्षा खल्बलिने प्रदर्शन लगायतका गतिविधिबाट टाढा राख्न आग्रह गरेका छन्। मन्त्री महतोको निजी सचिवालयमार्फत जारी गरिएको अपिलमा सडक प्रदर्शन, जुलुस तथा भीडभाडमा कलिला बालबालिका र युवाहरूको संलग्नता बढ्दै गएको उल्लेख गर्दै यसप्रति प्रदेश सरकार गम्भीर रहेको जनाइएको छ।




अपिलमार्फत मन्त्री महतोले अभिभावकलाई आफ्ना सन्तानको गतिविधिमा निगरानी राख्न, कुनै पनि किसिमको उक्साहट, अफवाह, उत्तेजना वा हिंसात्मक गतिविधिमा सहभागी हुन नदिन आग्रह गरेका छन्।

'तपाईंको एउटा निर्णयले तपाईंको सन्तानको भविष्य सुरक्षित गर्न सक्छ,' अपिलमा भनिएको छ। अत्यावश्यक कामबाहेक बालबालिकालाई घरबाहिर नपठाउन र सामाजिक सञ्जालमा फैलिने भ्रामक तथा भड्काउ सूचनाबाट सचेत गराउन पनि आग्रह गरिएको छ।

क्षणिक आवेगमा गरिएको एउटा गलत कदमले जीवनभर पछुताउनुपर्ने अवस्था आउन सक्ने भन्दै मन्त्री महतोले शान्ति, सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र कानुनको पालनामा सबै पक्षको सहयोग आवश्यक रहेको बताएका छन्।

'आफ्ना सन्तानलाई भीड होइन शिक्षा, हिंसा होइन मानवता, द्वेष होइन सद्भाव र सहिष्णुताको बाटो रोज्न प्रेरित गरौं,' अपिलमा उल्लेख गरिएको छ।

मधेश प्रदेशका केही जिल्लामा पछिल्ला दिनहरूमा तनावपूर्ण अवस्था देखिएपछि सुरक्षा निकायले निगरानी बढाएको छ। प्रदेश सरकारले सामाजिक सद्भाव कायम राख्न तथा सम्भावित अप्रिय घटना रोक्न नागरिकस्तरबाट समेत सहयोगको लागि अपिल गरेको छ।

मन्त्री महतोले अभिभावक, युवा तथा सम्पूर्ण नागरिकलाई संयम अपनाउँदै शान्तिपूर्ण वातावरण निर्माणमा योगदान दिन आग्रह गरेका छन्।

# असहज अवस्थामा सामाजिक सद्भाव एकमात्र विकल्प

ब्लग :



श्यामसुन्दर शशि

सुनसरीको देवानगञ्जबाट सुरु भएको डडेलो अचेल पूर्वी र मध्य तराईमा नराम्ररी सल्केको छ। जेठ-वैशाखको वन डडेलो जस्तै यस आगोले वर्षौदेखिको सामाजिक सद्भाव धुजा-धुजा पार्दै छ। अझ सञ्चारका विभिन्न माध्यमबाट सम्प्रेषित गलत सूचनाहरुले यस आगोमा घिउ थप्ने काम गरेको छ। सामाजिक सञ्जालहरुमा यत्र तत्र सर्वत्र फैलिएका ती भ्रामक तथा विद्वेषपूर्ण सूचनाहरु आम नागरिकलाई भयभीत र आक्रोशित बनाएको छ। घटना घटि सकेपछि घटना स्थल पुग्ने, अनि पुगेपछि घातक हतियार प्रयोग गर्ने हाम्रा सुरक्षा निकायको कामकाजले यी र यस्ता घटनाहरुलाई अझ भडकाएको पर्याप्त उदाहरणहरु छन्। व्यक्तिको भौतिक आक्रमणसम्म सिमित रहेको यो डडेलो अब व्यक्ति विशेषको निजी संरचना र व्यापारिक प्रतिष्ठानसम्म पुगेको छ। घर-टहरा जलाईन थालिएका छन्। व्यापारिक प्रतिष्ठानहरुमा आक्रमण हुन थालेका छन्। आरोप-प्रत्यारोपले वातावरणलाई अराजक बनाएको छ। स्कूल-कलेज बन्द छन्। व्यापारिक प्रतिष्ठानहरु सञ्चालन गर्ने वातावरण छैन्। जनजीवन कुनै प्रतिमा झै स्थिर भएको छ। स्वास्थ्य, शिक्षा, उद्योग व्यावसाय धरापमा पर्दैछ। एक वर्ष भित्र मुलुकमा घटेको यो दोश्रो ठुलो घटना हो। पहिलो घटनाको उद्येश्य र यथार्थ हामीले देखि सकेका छौं। अब यस दोश्रो घटनाको उद्येश्य र यथार्थ के हो ? भन्न गाह्रो छ।

एक साता नबित्दै यस घटनामा सुनसरी देवानगञ्जमा भएको घटनामा ओमप्रकाश मेहता, जयप्रकाश मेहता तथा सिरहा गोलबजारमा गोली चल्दा औरही गाउँपालिका २ का १५ वर्षिय किशोर गणेश यादवगरि तीन जनाको शहादत भई सकेका छन्। देवानगञ्ज घटनामा गोली लागेर घाइते भएका आठ जना विराटनगरस्थित न्यूरो अस्पताल, विराट नर्सिङ होम र नोबेल शिक्षण अस्पतालमा तथा विहीवार अपरान्ह जनकपुरमा प्रदर्शनकारीको ढुङ्गा मुढाबाट सख्त घाईते भएको जनकपुर ७ का पंकज दासका १२ वर्षिय छोरा आनन्द दास काठमाण्डौको ट्रमा सेन्टरमा जीवन मरणबीचको युद्ध लड्दै छन्। देवानगञ्जमा केहि सुरक्षाकर्मीहरुपनि घाईते भएको सुरक्षाश्रोतले जानकारी दिएको छ। जानकी जी ती सम्पूर्ण घाईतेलाई शिघ्र स्वास्थ्य लाभ दियोस भने कामना गर्द छु।

यसबीच देवानगञ्ज घटनामा मृत्यु भएका ओमप्रकाश मेहता र जयप्रकाश मेहताका परिवार तथा गृह मन्त्रालयबीच बिहीबार मध्यराति गृहमन्त्री गुरुङको उपस्थितिमा औपचारिक सम्झौता भएको सूचना प्राप्त भएको छ। पिडित परिवार र गृहमन्त्रालयबीच भएको ७ बुंदे सहमतिमा घटनामा मृत्यु भएका ओमप्रकाश मेहता र जयप्रकाश मेहताका परिवारलाई शहिद घोषणा गर्ने प्रक्रृया अगाडि बढाउँने, दुवै मृतकका परिवारलाई प्रतिपरिवार १० लाख रुपैयाँका दरले राहत उपलब्ध गराउँने, घटनाको निष्पक्ष र प्रभावकारी छानबिन गरी दोषीमाथि प्रचलित कानुनबमोजिम तत्काल कानुनी कारबाही अघि बढाउँने, मृतकका परिवारका एक-एक जना योग्य सदस्यलाई रोजगारीको अवसर उपलब्ध गराउँने तथा घटनाको अध्ययनका लागि गठित छानबिन समितिले दिने प्रतिवेदनका सुझाव र सिफारिसहरू यथाशीघ्र कार्यान्वयन गर्ने सहमति भएको छ। गृहमन्त्रालयले सुरक्षाकर्मीहरुको हकमा किरिया र प्रसूति बाहेक विदा नबस्न भन्दै प्रहरी प्रधान कार्यालयले सर्कुलर जारी गरेको छ। तनावग्रस्त क्षेत्रमा सुरक्षाकर्मीहरुको उपस्थिति बाक्लो बनाइएको छ।




AI Generation Photo

२०८३ साल श्रावण १४ गते मध्यराति सुनसरीको देवानगञ्ज ३ कप्तानगञ्जमा गृहमन्त्री सुदन गुरुङ र शहिद ओमप्रकाश मेहताका पिता कृष्णदेव मेहता र शहिद जयप्रकाश मेहताको पिता नरेश मेहताको हस्ताक्षरमाथि थोरै जनाले ध्यान दिनु भएको होला। शहिद पिता कृष्णदेवको हस्ताक्षर र नरेशको औठा छाप हेरेर सहजै अनुमान गर्न सकिन्छ कि उनिहरु शैक्षिक रुपले कुन वर्गका छन्। जनकपुरमा घाईते भएका १२ वर्षिय आनन्द दास कुन वर्गका हुन्। अर्थात् प्रजातान्त्रिक आन्दोलन होस कि माओवादी आन्दोलन। मधेश आन्दोलन होस कि अन्य कुनै आन्दोलन यसमा भौतिक क्षति बेहोर्ने भनेको निम्न वर्गिय समुदायका बालबालिका हो र यसको लाभ लिने उच्च वर्गीयका ठालुहरु हुन्छन्।

सरसरि हेर्दा, देवानगञ्ज, जनकपुर, बिरगंज वा जहाँसुकै घटित सामाजिक सद्भाव बिरुद्धका घटना तत्कालीक देखिएपनि यसको पृष्ठभूमि भने धेरै पुरना हुन्छन्। यस्ता घटनाका प्रत्यक्ष वा परोक्ष पात्रहरु दैनिक जसो दुई सम्प्रदायबीचको सद्भाव खल्बलाउन सार्वजनिक रुपमा निरन्तर लेखि र बोली रहेका हुन्छन्। सद्भावका ती भिलेनहरुलाई नेपाल प्रहरीको साईबर सेलले चिनेकै हुनु पर्दछ। अनुसन्धान विभागका अनुसन्धाताहरुले जानेकै हुनु पर्दछ। यदि चिनेका वा जानेका छैनन् भने ती निकायहरु के गरेर बसेका हुन्छन् ? भन्ने सबाल बन्छ।

शिक्षा, स्वास्थ्य, रोजगारीमामात्र होईन, आपसी झै झगडासमेतमा राजनीति देख्ने, भोंटको जोगाड लगाई रहने राजनीतिक दलहरु मुलुक असहज अवस्थामा रहेको वेलापनि राजनीतिक रोटी सेक्न उद्यत छन भने भन्नु केहि छैन। नभए मधेश जलि रहेकोवेला ती राजनीतिक दलहरु एक थान विज्ञप्ति प्रकाशित गरेर मौन बस्ने थिएनन्। यस विकट परिस्थितीमा सरकारसंगै राजनीतिक दलहरु पनि जनता सामु आउनु पर्दछ। सामाजिक अभियन्ता, राजनीतिक दलका नेताहरु, विभिन्न धर्मका धर्मगुरुहरु स्थानीय प्रशासनसंग मिलेर समस्या समाधान गर्नु पर्दछ। यो समय आरोप प्रत्यारोप भन्दा पनि हातोमालो गर्ने हो। अतः म भन्छु- यस असहज समयमा सामाजिक सद्भाव एकमात्र विकल्प हो।

# परिचय पत्र हेरेर मात्र नेपाल प्रवेश गर्न दिने निर्णय

**टुडे समाचारदाता**



जलेश्वर । महोत्तरी जिल्लाको समग्र शान्ति सुरक्षा, अमनचयनलाई दृष्टिगत गर्दै छिमेकी मुलुकहरूबाट सीमा नाका भई नेपाल आउनेहरुलाई आधिकारिक पहिचान खुल्ने परिचयपत्र हेरेर मात्र प्रवेश गर्न दिन निर्णय गरिएको छ।

सुनसरी जिल्लामा भएको दुःखद् घटनापछि मुलुकको विभिन्न स्थानमा विकसित भइरहेका संवेदनशील घटनाक्रमलाई मध्यनजर गरि जिल्ला प्रशासन कार्यालय महोत्तरीले शुक्रबार बिहान जिल्लास्थित राजनीतिक दलका प्रतिनिधि, धार्मिक-सामाजिक सद्भाव सम्बन्धी समन्वय बैठकबाट सिमा प्रवेश गर्नेलाई परिचय पत्र देखाएर प्रवेश गर्न दिने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले बताएका छन्।

परापूर्व कालदेखि रहिआएको सामाजिक सद्भाव, भाइचारा र सांस्कृतिक ऐक्यबद्धतालाई अक्षुण्ण राख्दै संयमता अपनाउन र कुनै पनि किसिमका हिंसात्मक, द्वन्द्वमूलक वा उत्तेजक क्रियाकलापहरू हुन नदिन सम्पूर्ण जिल्लावासीहरूमा हार्दिक अपिल समेत गर्ने निर्णय भएको प्रजिअ यादवले बताए। साथै सामाजिक सञ्जालमा सद्भाव भड्काउने किसिमका अफवाह, भ्रामक, अपुष्ट र द्वेषपूर्ण सामग्रीहरू सम्प्रेषण नगर्नुको साथै त्यस्ता सामग्रीहरु शेयर नगर्न समेत आग्रह गर्ने र कहि कतै कसैले त्यस्ता कार्य गरेमा संलग्न जोकोहीलाई प्रचलित नेपाल कानून बमोजिम कडा कारवाही गर्ने निर्णय बैठकबाट गरिएको उनले बताए।

जिल्लाभित्र रहेका सम्पूर्ण जातजाति, भाषाभाषी, धर्म र सम्प्रदायका नागरिकहरूबीच असमझदारी वा द्वन्द्वलाई उत्तेजित नबनाई संयमता अपनाउँदै जिल्लामा शान्ति सुरक्षा र सामाजिक सद्भाव कायम राख्न जिल्लास्थित सम्पूर्ण धार्मिक अगुवाहरुमा हार्दिक अपिल गर्ने र कुनै पनि धार्मिक जुलुस, र्‍याली, सभा वा सार्वजनिक कार्यक्रमहरू सञ्चालन गर्दा अनिवार्य रूपमा स्थानीय प्रशासनलाई पूर्वसूचना दिई स्वीकृति लिनुपर्ने र शान्ति-सुरक्षा खलल हुने कुनै क्रियाकलाप नगर्न नगराउन निर्णय समेत गरिएको उनले जनाएको छ।

त्यसैगरि जिल्लाको समग्र शान्ति, सुव्यवस्था र अमनचयन कायम राख जिल्लास्थित सम्पूर्ण सुरक्षा निकायहरूलाई उच्च सतर्कताका साथ संवेदनशील क्षेत्रहरूमा गस्ती बढाउने, शंकास्पद व्यक्तिहरुलाई नियन्त्रणमा लिई अनुसन्धान गर्ने निर्णय पनि गरिएको जनाइएको छ।

यता सुनसरी घटनाको समर्थनमा महोत्तरीको सदरमुकाम जलेश्वर लगायत प्रमुख बजारहरु बन्द गराइएको छ। महोत्तरीको मटिहानी, गौशाला, सम्सी, रामगोपालपुर, औरही, पिपरा लगायतको बजार बन्द गर्नुका साथै सडकहरुमा टायर बाल्नुको साथै रुख ढालेर सडक समेत अवरुद्ध गरिएको छ।

# शान्ति सुरक्षामा खलल पुऱ्याउने १३ जना पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । सुनसरी घटनापछि शान्ति सुरक्षामा खलल पुऱ्याउने कार्यमा संलग्न रहेको आरोपमा मधेशका विभिन्न जिल्लाबाट १३ जनालाई नियन्त्रणमा लिइएको छ।

सामाजिक सद्भावमा खलल पुऱ्याएको आरोपमा धनुषा, सिरहा र सर्लाहीबाट गरी १३ जनालाई नियन्त्रणमा लिइएको जनाइएको छ। शुक्रबार धनुषाबाट ३, सिरहाबाट पाँच र सर्लाहीबाट ५ जनालाई नियन्त्रणमा लिइएको हो।

उनीहरूले सामाजिक सञ्जालमार्फत हिंसा भड्काएको आरोप छ। यसअघि सर्लाहीमा बाहिरबाट आएर प्रदर्शन गर्न खोज्दा पाँचजनालाई नियन्त्रणमा लिएर स्थानीयले प्रहरीलाई बुझाएका थिए।

मधेस प्रदेशमा हिंसात्मक गतिविधि रोक्न धनुषा, सप्तरी, सिरहा, सप्तरी, महोत्तरी र पर्सामा कर्फ्यु लगाइएको छ। प्रहरीको उच्च अधिकारीहरू मधेस प्रदेशमा खटिएका छन् भने प्रतिनिधिसभा सदस्यहरू पनि मधेसमा आएर हिंसा रोक्न पहल गरिरहेका छन्।

सर्लाहीको पश्चिमी भेगस्थित बरहथवा बजारमा शुक्रबार प्रदर्शन गर्न पुगेका पाँच युवकलाई स्थानीयले नियन्त्रणमा लिएर प्रहरीमा बुझाएका छन्। केही बरहथवा र बाहिरी पालिकाबाट समेत भारतीय मोटरसाइकल चढेर प्रदर्शन गर्न भन्दै बरहथवा बजारमा निस्किएका पाँच जनालाई पक्राउ गरिएको हो। उनीहरुलाई इलाका प्रहरी कार्यालय बरहथवामा राखिएको डिएसपी गोपिकृष्ण सुवेदीले जानकारी दिएका छन्।

बिहान केहीबेर असहजस्थिति भएपनि अहिले भने बरहथवा एरियाको अवस्था सामान्य रहेको डिएसपी सुवेदीले बताए। शुक्रबार बिहान मात्र जनप्रतिनिधि, राजनीतिज्ञ, उद्योगी, व्यवसायी, सुरक्षा अधिकारी, स्थानीय अगुवा, धार्मिक नेतृत्वकर्तालगायतसँग सर्वपक्षिय बैठक गरिएको छ।

बैठकले सामाजिक सद्भाव कायम गर्दै अघि बढ्ने निर्णय गरेको बरहथवाकी नगरप्रमुख कल्पनाकुमारी कटुवालले जानकारी दिएकी छिन्।

# घाइते आनन्दको शल्यक्रिया सफल

**टुडे समाचारदाता**



जनकपुरधाम । बिहीवार जनकपुरधाममा प्रदर्शनको क्रममा गम्भीर घाइते भएका १२ वर्षीय आनन्द कुमार दासको काठमाडौंस्थित ट्रमा सेन्टरमा सफलतापूर्वक शल्यक्रिया गरिएको छ।

अस्पताल स्रोतका अनुसार उनको शल्यक्रिया सफल भएको भए पनि स्वास्थ्य अवस्था संवेदनशील रहेकाले हाल आईसीयूमा राखेर उपचार भइरहेको छ। चिकित्सकहरूले आगामी ४८ घण्टासम्म विशेष निगरानीमा राखेर स्वास्थ्य अवस्थाको निरन्तर मूल्याङ्कन गर्ने बताएका छन्।

जनकपुरधाममा भएको आन्दोलनका क्रममा गम्भीर घाइते भएका आनन्दलाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि काठमाडौं लगिएको थियो। विशेषज्ञ चिकित्सकको टोलीले उनको शल्यक्रिया सम्पन्न गरेको हो। शल्यक्रिया सफल भएपछि परिवारका सदस्यले राहत महसुस गरेका छन्।

उपचारमा संलग्न चिकित्सकहरूले अहिलेको अवस्था स्थिर रहे पनि आगामी केही दिन निकै महत्वपूर्ण रहने भएकाले निरन्तर निगरानी आवश्यक रहेको बताएका छन्।

बिहीवार दिउंसो दशरथ तलाउ पोखरी नजिकको वस्तीमा प्रदर्शनकारीहरु जान खोजेको क्रममा बाटो भएर गइरहेका बालक आनन्दको टाउकोमा ईटा प्रहार भएको थियो। सो ईटा गम्भीर घाइते आनन्दलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पतालमा लगिएको थियो। प्रारम्भिक उपचारपछि सोही दिन उनलाई थप उपचारका लागि काठमाडौ पठाइएको थियो।

मधेश कृषि विश्वविद्यालय
राजविराज न.पा.-३, सप्तरी
कृषि स्नातक (B.Sc. Ag. Hons)
तहको प्रवेश परिक्षाको Online
आवेदन फाराम भर्ने सम्बन्धी
सूचना



शैक्षिक सत्र २०८३/०८४ का लागि कृषि संकायमा कृषि स्नातक तह (B.Sc. Ag. Hons) तहमा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिति २०८३/०३/३२ गते देखि मितिच २०८३/०४/२९ गतेसम्म विश्वविद्यालयको वेबसाईट http://entrance.mau.edu.np मा गई Online आवेदन फारम भर्नको लागि यो सूचना प्रकाशन गरिएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८